# तुर्माखाँद गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को बार्षिक बजेट तथा कार्यक्रम

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्यहरु,**

तुर्माखाँद गाउँपालिकाको गरिमामय गाउँ सभामा आर्थिक वर्ष २०७८/२०७९ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।यस अबसरमा नेपाली जनताको हक अधिकार स्थापना गर्नका लागि बिभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपुर्ण श्रद्धासुमन अर्पण गर्दछु।हाल विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरसका कारण सिङ्गो मानव समुदाय माथी सङ्कटको अवस्था सिर्जना भएको सबैमा अवगत नै छ।यसका कारण समाजको आर्थिक तथा सामाजिक पक्षमा ठूलो नकारात्मक प्रभाव परेको छ। अर्थतन्त्रका आयामहरु सही रुपमा चल्न नसक्दा उत्पादन र उत्पादकत्व बृद्धी र ब्यापार व्यवसाय समेत धरासयी भएको छ।कोरोना संक्रमणको उच्च जोखिममा परी लाखौं मानिसहरुले आफ्नो रोजगार तथा व्यावसाय गुमाएका छन।लाखौं मानिसहरु संक्रमणमा परी ज्यान गुमाउनुका साथै कोभिडले अर्थतन्त्रका आधार स्तम्भहरुमा समेत नकारात्मक प्रभाव पारेको छ ।कोभिड संक्रमणको उच्च जोखिममा परी ज्यान गुमाउने तुर्माखाँद गाउँपालिकाका दाजुभाई तथा दिदी बहिनीहरु र मृत्यू वरण गर्नुहुने स्वदेश तथा विदेशका मृतक नागरिकहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै संक्रमितहरु सबैको स्वास्थ्य लाभको कामना गर्दछु।

**सभाध्यक्ष महोदय**

तुर्माखाँद गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहको वार्षिक बजेट तर्जुमा दिग्दर्शन २०७४ र गाउँपालिकाको आवधिक तथा वार्षिक योजना सँविधानको धारा २३० बमोजिम गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सम्पादन गर्नुपर्ने कामको आधरमा बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

**सभाध्यक्ष महोदय,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ र आ.व. २०७८।७९ को बजेट तथा कार्यक्रम तर्जुमाको सम्बन्धमा नेपाल सरकार र सुदूर पश्चिम प्रदेश सरकारबाट प्राप्त बजेट सिमा तथा मार्गदर्शन, पन्ध्रौं योजना, दिगो विकास लक्ष्य, स्थानीय भौगोलिक तथा जनसांख्यिक अवस्था,र स्थानीय आबश्यकताको पहिचान गरी गाउँ सभाबाट स्वीकृत आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रमको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०७८/२०७९ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहायका विषयहरुलाई प्राथमिकता निर्धारण गरिएको छ ।

- पुर्वाधार विकास अन्तर्गत गाउँपालिकाको केन्द्रदेखि वडा कार्यालयसम्म सडक संजाल विस्तार कार्यक्रमलाई संघ र प्रदेश संगको साझेदारीका कार्यक्रमहरु प्रमुख प्राथमिकतामा राखि समावेश गरिएको छ ।
- स्वास्थ्य संस्था तथा वडा कार्यालय र बिद्यालयहरुका संस्थागत संरचना निर्माण तथा गुणस्तरियता कायम गर्न निर्माण कार्य र मर्मत सम्भारका कार्यक्रमहरुलाई समावेश गरी आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- कोभिडको नियन्त्रण रोकथाम तथा उपचार कार्यको लागि स्थानिय तह प्रकोप व्यवस्थापन कोष मार्फत कार्यक्रम संचालन हुनेगरि बजेटको व्यवस्थापन गरिएको छ ।
- शैक्षिक पूर्वाधार निर्माण, शैक्षिक गुणस्तर सुधार, व्यवासायिक सिप विकास तालिमको सुरुवात गर्न आवश्यक व्यवस्था मिलाईएको छ ।
- आधारभूत स्वास्थ्य सेवामा पहुँच र गुणस्तर अभिवृद्धि र स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता सुधारको कार्यक्रमहरु संचालनमा ल्याउन संस्थागत रुपमा बजेटको व्यवस्था गरिएको छ ।

- गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य,वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको भवन निर्माण कार्य संचालनमा ल्याउन बजेट व्यवस्था गरिएको छ ।
- विद्युत प्रसारण लाईन विस्तार गर्ने कार्यलाई निरन्तरता दिदै बिद्युत प्राधिकरणको साझेदारीमा समेत कार्यक्रम कार्यन्वयनका लागि आवश्यक श्रोतको व्यवस्था गरिएको छ ।
- लैङगिक समानता, सामाजिक समावेशिकरण, मुल प्रभाहिकरण अन्तर्गत, सामाजिक सुरक्षाका कार्यक्रमहरु संचालनमा ल्याउन बिशेष जोड दिईएको छ ।अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक सुरक्षालाई प्राथमिकतामा राखि "अपाङ्गसंग अध्यक्ष सामाजिक सुरक्षा कार्यक्रम" र महिला स्वास्थ्य स्वयमसेविकाहरुले स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदानको उच्च सम्मान गर्दै प्रोत्साहन स्वरुप स्वास्थ्य स्वयमसेविकासंग उपाध्यक्ष कार्यक्रम संचालनमा ल्याउन आबश्यक बजेटको व्यवस्था मिलाईएको छ ।
- सुशासन प्रबर्द्धन तथा संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालनमा ल्याउन आवश्यक कार्यक्रमहरुको व्यवस्था मिलाईएको छ ।
- सामाजिक समावेशी कार्यक्रम अन्तर्गत लक्षित वर्ग समुदाय महिला दलित,अपाङ्ग,असहाय,विपन्न तथा जेहेन्दार बिद्यार्थीहरु लाई उच्च शिक्षा अध्ययनमा प्रोत्साहन

सहयोग पुऱ्याउन तुर्माखाँद गाउँपालिका युवा वृति विकास छात्रवृत्ति कार्यक्रमको लागि श्रोत व्यवस्थापन गरिएको छ ।

- विद्यालय क्षेत्र सुधार कार्यक्रमको निरन्तरताका लागि शिक्षक अनुदान, बालबिकास सहयोगी शिक्षिका, स्वास्थ्य संस्थामा कार्यरत सरसफाई सहयोगीहरु बिद्यालयमा कार्यरत कर्मचारीहरुले पाउदै आएको पारिश्रमिकमा वृद्धि गर्दै सोको लागि आवश्यक बजेटको ब्यवस्था मिलाईएको छ ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०७८/०७९को बजेट तथा कार्यक्रम अन्तर्गत राजस्व र व्ययको अनुमानका प्रमुख कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## सडक तथा पुल

१. साझेदारी कार्यक्रममा समावेश गराई संघ र प्रदेश सरकारको स्रोत समेत परिचालन गरी हालसम्म सडकको पहुँच नपुगेका वडा नं. १ को केन्द्रलाई गाउँपालिकाको केन्द्रसँग सडक मार्गबाट जोड्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ। गाउँपालिका भित्रका सडकहरुको अधिकार क्षेत्र तोकी सडकको अधिकार क्षेत्र भित्र संरचना निर्माण कार्यलाई रोक लगाइने छ। सडक निर्माण सम्बन्धी स्थानीय मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

## उर्जा

२. नेपाल विद्युत प्राधिकरणसंगको साझेदारीमा गाउँपालिका भित्र केन्द्रिय प्रसारण लाईनको बिस्तार गर्न, र उर्जा अन्तर्गतका कार्यक्रमहरु संचालन गर्न ३५ लाख बजेटको विनियोजन गरिएको छ ।

### भवन तथा शहरी विकास

३. गाउँपालिका,वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय भवनहरुको भवन निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। लागत साझेदारीमा गाउँपालिको प्रशासकीय भवन निर्माण गर्न संघीय सरकारलाई अनुरोध गरिनेछ। गाउँपालिका भवन निर्माण कार्यका लागि रु एक करोड पचास लाख बजेट विनियोजन गरिएको छ ।आ.ब.०७८/०७९ मा वडा नं.२ को भवन निर्माण कार्यको सुरुवात गरिने छ। क्रमागत अवस्थामा रहेका विद्यालय भवनहरुको निर्माण सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

### कृषि तथा पशुपंक्षी

४. गाउँपालिका भित्र संचालनमा रहेको प्रधानमन्त्री कृषि आधुनिकिकरण आयोजना र मुख्यमन्त्री कृषि आधुनिकिकरण आयोजना कार्यन्वयनका लागि संघीय र प्रदेश सरकारसंगको लागत साझेदारीमा बाख्रा, भैंसी र सम्भाव्य खाद्य वस्तुहरुको पकेट विकास कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ। चालु आ.ब. बाट शुरु गरिएको कृत्रिम गर्भाधान सेवालाई निरन्तरता दिईएको छ। कृषकहरुको

तथ्यांक अद्यावधिक गरी कृषक दर्ता कार्यको थालनी गरिनेछ। सबै वडामा लागत साझेदारीमा बीउ बीजन, फलफूलका विरुवा उत्पादन तथा वितरण कार्यको आवश्यक ब्यवस्था मिलाईएको छ। बाख्रा स्रोत केन्द्रको स्थापना कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

## सहकारी

५. संघीय सरकाको नीति अनुरुप गरिबी निवारण कोषद्वारा प्रबर्द्धित सामुदायिक संस्थाहरुको सहकारीकरण गर्न आवश्यक समन्वय गरिनेछ। सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरी संस्थागत सुशासन अभिवृद्धि गरिनेछ। गाउँपालिका भित्र संचालनमा रहेका सहकारी संस्थाहरुको एकीकरण कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

## रोजगारी

६. रोजगारीका अवसरहरु सृजना गर्न स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पारिश्रमिकमा आधारित सामुदायिक विकास आयोजना र यूवा रोजगारीका लागि रुपान्तरण पहल कार्यक्रममार्फत सूचीकृत बेरोजगारहरुलाई रोजगारी प्रदान गर्न कार्यक्रम अन्तर्गत प्राप्त बजेट रु २ करोड ३५ लाख परिचालन गर्न कार्यक्रममा आवश्यक सुधार तथा नितिगत ब्यवस्था मिलाईने छ । उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरुमा श्रममूलक प्रविधिको प्रयोग गरिनेछ। सडक मर्मत तथा स्तरोन्नति कार्यमा अधिकतम् रुपमा श्रममूलक प्रविधिको प्रयोग गरिनेछ। कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकीकरणमा जोड दिइनेछ।

## शिक्षा, यूवा तथा खेलकुद

७. गाउँपालिका भित्र पुर्वाधार विकास कार्यक्रम अन्तर्गत विद्यालयका भवनहरुको निर्माणका साथै मर्मत सम्भार कार्यको ब्यवस्था मिलाईने छ । विद्यालय शिक्षा अनुदान, कार्यक्रमलाई आवश्यक परिमार्जन सहित निरन्तरता दिन रु १ करोड पचास लाख ८० हजार विनियोजन गरिएको छ।

८. बालबिकास सहयोगी शिक्षिका र विद्यालयमा कार्यरत कर्मचारी स्वास्थ्य संस्थामा कार्यरत सरसफाई सहयोगी सामुदायिक सिकाई केन्द्र र नागरीक आरोग्य केन्द्र संचालन तथा जनशक्ति परिचालनका लागि रु १ करोड ४६ लाख ४ हजार बजेटको विनियोजन गरिएको छ । विद्यालयहरुको अनुगमन मूल्यांकनलाई प्रभावकारी बनाई निश्चित मापदण्डको आधारमा मूल्यांकन गर्ने परिपाटी विकास गरिनेछ।

## स्वास्थ्य

९. तुर्माखाँद गाउँपालिकाको १० शैयाको अस्पताल निर्माण प्रक्रिया सुरुवात गरिसकेको र सोको लागि नेपाल सरकार संग आवश्यक समन्वय र सहजीकरण गरिने छ ।

१०. स्वास्थ्य सेवा पुर्वाधार निर्माण कार्य अन्तर्गत संघीय सरकारबाट प्राप्त वडा नं.३ को भैरबस्थान स्वास्थ्य चौकी निर्माणको लागि विनियोजन गरिएको बजेट रु १ करोड ८ लाख कार्यन्वयनमा ल्याउने प्रक्रिया निर्धारित समयमै सुचारु गर्ने ब्यवस्था मिलाईने छ ।गाउँपालिकाको सेवा क्षेत्र भित्र प्रभावकारी रुपमा स्वास्थ्य सेवाको गुणस्तर र स्वास्थ्यमा नागरिकहरुको पहुँच अभिवृद्धि गर्न रु ९३ लाख १८ हजार बजेटको विनियोजन गरिएको छ।महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई दिदै आएको प्रोत्साहन कार्यक्रम अन्तर्गत महिला स्वास्थ्य स्वयमसेबिकासंग उपाध्यक्ष कार्यक्रमका लागि मासिक रु २ हजारका दरले पाउने गरी २३ लाख १४ हजार विनियोजन गरिएको छ।औषधि उपचार सहायता कार्यक्रमलाई निरन्तरता दिइएको छ।कोभिड १९ को रोकथाम, नियन्त्रण तथा उपचारमा खटिने जनशक्तिका लागि जोखिम भत्ताको व्यवस्था गरिने छ।प्रजनन स्वास्थ्य कार्यक्रम र स्वास्थ्य शिविर सञ्चालनका लागि बजेट विनियोजन गरिएको छ।बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था मिलाईएको छ ।

## खानेपानी तथा सरसफाई

११. ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत आ.व. २०७८/०७९ मा बिगतमा निर्माण गरिएका योजनाहरुको मर्मत सम्भार कार्य,निर्माणाधिन अवस्थामा रहेका खानेपानी तथा सरसफाई योजना तथा जिबिकोपार्जन प्रर्बद्धन कार्यक्रम संचालनमा ल्याउन समपुरक साझेदारी कार्यक्रम अन्तर्गत रु ६० लाख विनियोजन गरेको छु ।

१२. खानेपानी योजना तथा संरचनाहरुको दिगो सञ्चालन तथा मर्मत सम्भार र उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न साना सिचाई योजनाहरु संचालन गर्न कार्यक्रमहरु समावेश गरिएको छ ।

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१३. गाउँपालिका भित्र महिला,बालबालिका,जेष्ठ नागरिक,दलित,जनजाति,विपन्न नागरिक,अपाङ्गता भएका व्यक्तिहरु लगायत लक्षित वर्गहरुको सहभागितामा वडा स्तरदेखि नै लैंङ्गिक समानता,मुल प्रभाहिकरण र सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१४. समुदाय स्तरमा आय आर्जन तथा सिप विकासका कार्यक्रमहरु संचालन गर्न लघु उद्यम बिकास कार्यक्रम संचालनको ब्यवस्था मिलाईएको छ ।

## वन तथा भूसंरक्षण

१५.	गाउँपालिका भित्र  वन तथा वातावरणको संरक्षण कार्यको दिगो व्यवस्थापन गर्न सामुदायिक बन उपभोक्ता समिति द्धारा गरिने कार्यलाई नियन्त्रण तथा ब्यबस्थापन गर्न आबश्यक नितिगत ब्यवस्था मिलाईने छ

१६.	भु संरक्षण कार्यक्रम अन्तर्गत सार्बजनिक संस्थाहरुको संरक्षण गर्न र जोखिमयुक्त स्थलहरुमा प्राकृतिक बिपदबाट सृजित क्षति न्युनिकरण गर्ने कार्यक्रमहरु संचालनमा ल्याईने छ ।

## विपद व्यवस्थापन

१७.	बिपद व्यबस्थापन कार्य अन्तर्गत प्राकृतिक बिपदमा परि सार्वजनिक तथा ब्यक्तिगत सम्पतिमा क्षति पुगेको अबस्थामा र विश्वब्यापि रुपमा फैलिएको कोभिडको रोकथाम, नियन्त्रण उपचार  तथा अन्य विपदहरुको व्यवस्थापन राहात तथा उद्धार कार्यका लागि रु ४८ लाख बजेट विनियोजन गरिएको छ ।

## सुशासन तथा संस्थागत विकास

१८.	राजस्वको दायरालाई विस्तार गर्न आन्तरिक राजस्वका दरहरुको समसामयिक रुपमा पुनरावलोकन गरिएको छ। ।राजस्व संकलन, जिन्सी व्यवस्थापन, व्यक्तिगत घटना दर्ता, हाजिरी, योजना प्रणाली र अन्य सार्बजनिक सेवा प्रवाह संग जोडिएका विषयवस्तुलाई व्यवस्थित गर्न विद्युतीय प्रविधि संग जोडनको लागि आबश्यक ब्यवस्था मिलाईएको छ।

१९.	जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनुका साथै राष्ट्रसेवक कर्मचारीहरुको उच्च मनोबल कायम गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन  कार्यक्रमको ब्यवस्था मिलाईएको छ ।सार्वजनिक सेवा प्रबाहलाई ब्यबस्थित,पारदर्शि र संस्थागत गर्न सार्बजिनक सुनुवाई,वार्षिक तथा अर्ध वार्षिक समिक्षा कार्यक्रमहरु संचालन गर्न नितिगत ब्यवस्था मिलाईएको छ।

२०.	गाउँपालिकाको कार्यालय,वडा कार्यालय, बिषयगत शाखा / इकाईहरु तथा सेवा प्रवाह गर्ने कार्यालयहरुको कार्यसम्पादन मूल्यांकन गरी प्रोत्साहन गर्ने व्यवस्था मिलाईएको छ।

२१.	संघीय सरकार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत संचालनमा रहेको सामाजिक सुरक्षा कार्यक्रमलाई ब्यबस्थित बनाउन सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा लाभग्राहीहरुको विवरण अभिलेखहरु अद्यावधिक गरी थप पारदर्शी बनाउन विभागबाट प्राप्त निर्देशन अनुसार कार्यन्वयनमा ल्याउन नितिगत तथा प्रशासनिक रुपमा समन्वय र सहजिकरण गरिने छ ।

**सभाध्यक्ष महोदय,**

तुर्माखाँद गाउँपालिकाको आ.व.२०७८/२०७९को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत अनुमानित राजस्व तथा व्ययको कुल विवरण ४९ करोड ४७ लाख ५ हजार देहाय अनुसार प्रस्ताव गरेको छु ।

१. सर्शत अनुदान संघीय सरकारबाट प्राप्त जम्मा बजेट रु २२ करोड ६२ लाख
२. वित्तिय समानिकरण अनुदान संघीय सरकारबाट प्राप्त बजेट रु ९ करोड ७६ लाख
३. राजस्व बाँडफाड संघीय सरकारबाट प्राप्त बजेट रु ८ करोड ७८ लाख ४ हजार
४. गाउँपालिकाको अनुमानित आन्तरिक श्रोतबाट प्राप्त बजेट रु ३ करोड ४ लाख
५. समपुरक अनुदान प्रदेश सरकारबाट प्राप्त बजेट रु ८६ लाख ८३ हजार
६. विशेष अनुदान संघीय सरकारबाट प्राप्त बजेट रु १ करोड ७० लाख
७. समपुरक अनुदान संघीय सरकारबाट प्राप्त बजेट रु ७५ लाख
८. बित्तिय सामानिकरण प्रदेश सरकारबाट प्राप्त बजेट रु ६७ लाख ४८ हजार
९. विशेष अनुदान प्रदेश सरकार बाट प्राप्त बजेट रु ५० लाख
१०. आन्तरिक राजस्व संकलनबाट प्राप्त अनुमानित बजेट रु २० लाख
११. राजस्व बाँडफाड प्रदेश सरकारबाट प्राप्त बजेट रु १९ लाख

**विभिन्न विषय क्षेत्र/ उपक्षेत्र अन्तर्गत देहाय बमोजिम कूल ४९ करोड ४७ लाख ५ हजार रुपैंयाको बजेट अनुमान गरि विनियोजन गर्ने प्रस्ताव गरेको छु ।**

- सशर्त अनुदान संघिय सरकार २२ करोड ६२ लाख
- विषेश अनुदान संघीय सरकार १ करोड ७०लाख
- समपुरक अनुदान प्रदेश सरकार ८६ लाख ८३ हजार
- समपुरक अनुदान संघीय सरकार ७५ लाख
- बिशेष अनुदान प्रदेश सरकार ५० लाख
- बजेट सिमा निर्धारण अन्तर्गत वडाहरुलाई निर्धारण गरिएको बजेट सिलिङ रु ४ करोड ४७ लाख
- चालु तथा प्रशासनिक खर्च तर्फ ८ करोड १ लाख २५ हजार
- समपुरक कार्यक्रम संघीय सरकार बजेट रु ७५ लाख
- समपुरक कार्यक्रम प्रदेश सरकार बजेट रु ८६ लाख ८३ हजार
- समपुरक कार्यक्रम ग्रामिण जलस्रोत व्यबस्थापन परियोजना बजेट रु ६० लाख
- गाउँपालिका प्रशासकीय भवन निर्माण योजना रु १ करोड ५० लाख
- समपुरक कार्यक्रम बहुक्षेत्रिय पोषण बजेट रु १७ लाख
- समपुरक कार्यक्रम झोलुङ्गे पुल शिर्षकमा बजेट रु १० लाख
- समपुरक कार्यक्रम उर्जा बिकास बजेट रु २० लाख
- गैर सरकारी संस्था बाट संचालित समपुरक बजेट रु १०लाख
- स्वास्थ्य संस्थामा एम्बुलेन्स खरिद रु १२ लाख
- महिला बालबालिका तथा सामाजिक समावेशिकरण कार्यक्रम रु ९ लाख ५० हजार

- पशु स्वास्थ्य शाखाबाट संचालित कार्यक्रम रु ४१ लाख ६ हजार
- सुशासन तथा संस्थागत बिकास तर्फ रु २५ लाख ५० हजार
- स्वास्थ्य शाखाबाट संचालित कार्यक्रम तर्फ रु १ करोड १० लाख १८ हजार
- कृषि बिकाश शाखाबाट संचालित कार्यक्रम तर्फ रु ३९ लाख ५० हजार
- सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा ईकाइ तर्फ रु ९ लाख ५० हजार
- शिक्षा शाखाद्धारा संचालित कार्यक्रमहरु तर्फ रु ५४ लाख ५० हजार
- अपाङ्ग संग अध्यक्ष सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु १४ लाख ४० हजार
- महिला स्वास्थ्य स्वयमसेविका संग उपाध्यक्ष प्रोत्साहन कार्यक्रम तर्फ रु २३ लाख १४ हजार
- बिद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत शिक्षक अनुदान तर्फ १ करोड ५० लाख ८० हजार
- बालबिकास केन्द्र सहयोगी शिक्षिका तलब अनुदान तर्फ रु ५६ लाख ८१ हजार
- बिद्यालय कर्मचारीहरुको तलब अनुदान तर्फ रु ३७ लाख ८८ हजार
- प्रसुति केन्द्र सरसफाई सहयोगि तथा नागरिक आरोग्य केन्द्र सहयोगी तर्फ रु ९ लाख १० हजार
- प्राविधिक शिक्षा तथा पर्यटन क्षेत्र विकास तर्फ रु २४ लाख

राजस्व र व्यय सम्बन्धी विस्तृत विवरण अनुसूचीहरुमा संलग्न गरिएको छ।

आ.व.२०७८।०७९ को बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत राजस्व र व्ययको अनुमान तर्जुमा गर्न वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा  समितिलाई सहयोग पुऱ्याउने र रचनात्मक सुझाव सल्लाह प्रदान गर्नुहुने राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, गैरसरकारी संस्था, शिक्षक, बुद्धिजिवी, समाजसेवी लगायत सबैलाई गाउँपालिका परिवार तथा व्यक्तिगत रुपमा हार्दिक आभार धन्यवाद ज्ञापन गर्दछु ।

आ.ब.०७७/०७८ मा संचालन गरिएका वार्षिक कार्यक्रम तथा योजनाहरु कार्यन्वयन गर्दा उत्पन्न चुनौति तथा समस्याहरुबाट प्राप्त अनुभव तथा सिकाई गतिविधिहरुलाई आत्मासात गर्दै प्रस्तुत गरिएको आ.ब.०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रम सफल कार्यन्वयनमा ल्याउन सबैको महत्वपूर्ण भुमिका रहने विश्वास लिएको छु ।

धन्यवाद ।